आज मिति २०७२ पौष २७ गते सोमवारका दिन वेलुकी ५ बजे निजगढ नगरपालिकाका प्रमुख एंव कार्यकारी अधिकृत श्री विमल कुमार पोखरेलज्युको अध्यक्षतामा निजगढ नगरपालिकाको सभाहलमा निजगढ नगरपरिषदको तेश्रो परिषदको बन्द सत्र बैठक बस्यौं । आजको उपस्थिति यस प्रकार छ ।

उपस्थिति :

प्रमुख एंव कार्यकारी अधिकृत श्री विमल कुमार पोखरेल

आमन्त्रित

आर्थिक प्रशासन शाखा प्रमुख श्री राजेन्द्र कुमार कार्की

प्रशासन शाखा प्रमुख श्री सुरेन्द्र राई

प्राविधिक शाखा प्रमुख श्री नविन खनाल

निर्णय नं. १

निजगढ नगरपालिकाका प्रमुख एवम कार्यकारी अधिकृत श्री विमल कुमार पोखरेल ज्यूवाट आ.व. २०७३।२०७४ को लागी पेश गर्नु भएको वार्षिक निति, वजेट तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आ.व. २०७२।२०७३ को वजेट तथा कार्यक्रमहरु संसोधनको लागी पेश भएकोमा तपसील वमोजिम बार्षिक वजेट तथा कार्यक्रमहरु संसोधन र परिमार्जजन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

निजगढ नगरपालिकाद्धारा पेश भएको "निजगढ नगरपालिकाको वस्ति विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड सम्वन्धि निर्देशिका, २०७२" संसोधन सहित पारित गर्ने गरियो । सो संसोधन भएको निर्देशिका आजैका मितिदेखि लागु गर्ने निर्णय गरियो :

निर्णय नं. ४

नगरस्तरीय राजश्व परामर्श समितिको सुझावको आधारमा सशोधन भएका करका दरहरु, दस्तुर, सेवा शुल्क, दण्ड जरिवानाहरुको मिति २०७२ साल आश्विन १६ गते वसेको विशेष परिषदवाट पारित दरहरु लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

तपसील वमोजिमका स्वीकृत दरवन्दीमा तपसील वमोजिम हेरफेर गरी निम्नानुसार दरवन्दी स्वकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ६

अन्य सेवा सरसफाई, चालक, चिठिपत्र ओसार पसार, फोटोकपी तथा टाइपिंग र कम्प्युटर अपरेटर जस्ता कार्यको लागि जनशक्ति माग गर्दा प्रचलित कानुनको अधिनमा रही सेवा करारमा मात्र सेवा लिने निर्णय गरियो ।

निर्णय नं. ७

यस कार्यालयमा कार्यरत जनशक्तिको उत्पेरणा बृद्धि गर्न सुचकमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने निर्णय गरियो । साथै सुचकको आधारमा तलवको २५ प्रतिशतसम्म प्रोत्साहन स्वरुप यस नगरपालिकामा कार्यरत निजामति सेवाका कर्मचारीहरु, स्थानिय निकायमा कार्यरत कर्मचारीहरु र करारमा कार्यरत स्थानिय निकायवाट तलव खाने कर्मचारीहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८

मिति २०७२ साल श्रावणमा भुक्तानी भएको तलव र बृद्धि ग्रेड साथै तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

वालमैत्री स्थानीय शासनका सुचकहरु कर्यान्वयन गर्ने तथा वालसहभागिता वा सम्मान बृद्धि गर्ने हेतुले नगरपालिकामा एक छुटै वालवालिका सेल गठन गर्ने निर्णय गरियो ।

निर्णय नं १०

आर्थिक प्रणालीलाई वस्तुपरक र अनुमानयोग्य वनाउन आर्थिक प्रणाली सुधार योजना लागु गर्ने तथा उक्त योजना अन्तर्गत आ.व. २०७३।०७४ को श्रावण महिना देखि एकिकृत सम्पती कर लागु गर्ने, कर पद्धतीलाई कम्पुटिकृत गर्ने, करका दरहरुलाई प्रचलित कानुनको दायरामा ल्याउने, करदाता शिक्षा लागु गर्ने, करदाता सम्मान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । लेखा पद्धतीलाई क्रमश: प्रोदभावी लेखा पद्धतीमा रुपान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

फोहोरमैला व्यवस्थापन ऐन,२०६७ तथा नियमावलीको कडाईका साथ कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

निजगढ नगरपालिकाको नगर यातायात गुरुयोजना निर्माण आ.व.२०७२।०७३ को आषाढमसान्तसम्ममा सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

नगरका सांगुरा सडकहरुलाई व्यस्थित गर्ने प्रयोजनकोलागि सडक विस्तारलाई अभियानकै रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं १४

मेट्रिक प्रणाली अनुसार घरहरुको नम्बरिंग गर्ने तथा बाटोको नमांकरण गर्ने निर्णय गरियो ।

निर्णय न १५

Low cost housing निर्माण गर्ने तालिम नगरपालिकाले प्रदान गर्ने र सो अनुरुप भवन निर्माणलाई अभियानको रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

बृक्षारोपणलाई अभियानकै रुपमा सञ्चालन गर्ने तथा सडकका दायांवायां बृक्षारोपण गर्न सम्बन्धित निकायसंग समन्वय गरि अगाडि वढने निर्णय गरियो ।

निर्णय नं १७

आ.व. २०७२।७३ मा नगरपालिकाबाट सम्पादन हुने निर्माण सम्बन्धि योजनामा उपभोक्ता समितिबाट कार्य गराउंदा न्युनतम ३०(तिस) प्रतिशत जन सहभागिता आजैका मितिदेखि लागु गर्ने गरी योजना सम्झौता गरिने निर्णय गरियो ।

निर्णय नं १८

आ.व. २०७२।२०७३ को तपशिल वमोजिमका विशेषकोषहरु तर्फको आय ब्ययको अनुमान संसोधन सहित पारित गरियो ।

क) दैवि प्रकोप उद्दार विशेष कोष

ख) महिला तथा वाल विकास विशेष कोष

ग) मर्मत संभार विशेष कोष

घ) बातावरणीय व्यवस्थापन विशेष कोष

ङ) कर्मचारी कल्याण कोष

च) गरिवी निवारण तथा सामाजिक परिचालन विशेष कोष

निर्णय नं १९

नेपाल सरकारले उपलव्ध गराए वमोजिमको दैनिक भत्ताका दरहरु वमोजिम र वैठक भत्ता वापत प्रति वैठक रु १०००।- एक हजार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २०

आ.ब. २०७०।२०७१ र २०७१।२०७२ को आन्तरीक लेखा परिक्षण प्रतिवेदन छलफल गरियो । आ.व. २०७०।२०७१ को अन्तिम लेखापरिक्षण गर्न मिति २०७२।९।९ मा सुचना प्रकाशित गरीएकोमा निवेदन प्राप्त भएका लेखापरिक्षकहरु मध्ये आ.व. ०७१।०७२ को लेखा परिक्षण श्री आर.एन. एसोसियटेस, सर्लाही प्रमाण पत्र नं. ३०३७ "ख" वाट र आ.व. २०७१।२०७२ को लेखा परीक्षण श्री के.पि.पौडेल एण्ड एशोसिएट्स, सिमरा वारा प्रमाण पत्र नं. ३१४८ "ख" वाट लेखा परिक्षण गर्न छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

विभिन्न सामुदायिक वन उपभोक्ता समुहद्धारा तयार गरिएको तपशिल बमोजिमको समुदाय स्तरीय जलवायु अनुकुलन योजना पारित गर्ने निर्णय गरियो तथा मुलप्रवाहिकरणको लागि सम्बन्धित निकायहरूमा पेश गर्ने निर्णय गरियो ।

तपशील

क) निजगढ नगरपालिका वडा नं १३ मा रहेको शिवशक्तेश्वर सा.व.उ.स. को सामुदायिक जालवायु अनुकुलन योजना।

ख) निजगड नगरपालिका वडा नं.१२ मा रहेको कल्कि सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक जलवायु अनुकुलन योजना।

ग) निजगढ नगरपालिका वड- नं ३ मारहेको सरस्वती सामुदायिक वन र सुखशितल सामुदायिक वनको सामुदायिक जलवायु अनुकुलन योजना ।

निर्णय नं. २२

पदपूर्ति समितिका अध्यक्ष श्री नागेश्वरलाल कर्णवाट प्रस्तुत भएको पदपुर्ति सम्वन्धी भए गरेको प्रतिवेदन अनुमोदन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

बजेटको व्यवस्था भएमा वा अन्य निकायवाट समेत योजना स्वीकृत गराउने प्रयोजनको लागी वडाभेलावाट छनौट भई आएका योजनाहरु प्राथमिकताका साथ सम्पन्न गर्न सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

तपसील वमोजिमका योजनाहरु केन्द्र, जि.वि.स.तथा अन्य निकायवाट कार्य सम्पन्न गर्न सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

निजगढ नगरपालिकाको क्षेत्रि भित्र औद्योगीक क्षेत्र घोषणा गर्न सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

निजगढ नगरपालिकामा भै रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शैयाको अस्पताल स्तनोन्तरी गर्न र नगरपालिका भित्र शहरी स्वास्थ्य क्लिनिक सन्चालन गर्नको लागी श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बारासंग समन्वय गरी सम्वन्धित निकायमा सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

निजगढ नगरपालिकामा राष्ट्रिय योजना आयोगवाट नियुक्ती भई आएका सिभिल इन्जिनियर श्री अशोक कुमार कुशवाहलाई प्रोत्साहन स्वरुप निजको तलवको ५० प्रतिशत सम्म कार्य क्षमताको मुल्यांकन सुचकको आधारमा भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २८

निजगढ नगरपालिकामा सन्चालीत भएका योजनाहरु आ.व. २०७१।२०७२ र आ.व. २०७२।०७३ मा हालसम्म सम्पन्न भएका योजनाहरुको जांच पांस तथा फरफारक गर्न गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

निजगढ नगरपालिका क्षेत्र भित्र मानसिक सन्तुलन गुमेका सडक मानवहरुलाई व्यवस्थितसंग जिवन यापन गर्नको लागी श्री महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण केन्द्र,काठमाण्डौमा निजगढमा पुर्नस्थापन केन्द्र स्थापना र सन्चालन गर्नको लागी अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

निजगढ नगरपालिका क्षेत्र भित्र मानसिक सन्तुलन गुमेका सडक मानवहरुलाई व्यवस्थितसंग जिवन यापन गर्नको लागी श्री महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण केन्द्र,काठमाण्डौमा निजगढमा पुर्नस्थापन केन्द्र स्थापना र सन्चालन गर्नको लागी अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

निजगढ नगरपालिकाका विदेशमा रही सेवा गरी रहेको निजगढ नगरवासीहरुलाई यस नगरपालिकाका विभिन्न विकास निर्माणका कार्यहरुमा योगदान गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

विभिन्न दाता निकायहरुसंग अनुदान तथा सुलभ ऋण सम्झौता गरी नगरको विकासको लागी कार्यक्रम सम्झौता गर्न, सन्चालन गर्न निजगढ नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

यस नगरपालिकालाई विभिन्न देश विदेशका नगरपालिकाहरुसंग भगिनि सम्वन्ध राख्नको लागी नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

निजगढ नगरपालिकाको तेश्रो नगर परिषदमा उपस्थिति हुनु भई सोभा वढाउनु हुने प्रमुख अतिथि माननिय सभासद श्री पुरुषोत्तम पौडेल, विशिष्ठ अतिथिहरु, पत्रकारहरु, राजनैतिक दलका प्रतिनिधिहरु, वडा नागरीक मन्चका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ, सरकारी कार्यालयका प्रतिनिधिहरु, कर्मचारी साथीहरु लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।